# काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

**(प्रथम पटक प्रकाशितमिति २०८२/०६/२८ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरूत्पादन कटान क्षेत्रमा संकलन तथा कटान सहमति भएका रूखहरू कटान गरी उत्पादन भई उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा रहेका नियमानुसार सालजातको गोलिया काठ जि.व.पै.आ. समितिलाई छुट्टाई बाँकी रहेका काठ दाउरा डि.व.का., अर्घाखाँचीको लिलामबिक्री सहमति बमोजिम विभिन्न जातको गोलिया थान २७८ को २३६०.५० क्यू.फिट काठ र दाउरा ४.५० चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वाफर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

**तिनपोखरी सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची**

# तिनपोखरी सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. : ०८२।०८३ मिति : २०८२।०६।२८

**विषय : काठ दाउरा लिलाम बिक्री सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना !**

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।२८)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान गरिएका रुखहरुबाट उत्पादन भई जि.व.पै.आ.समितिलाई छुट्टाई बाँकी घाटगद्धीमा राखिएका तपसिल बमोजिमका गोलिया काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० वजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ४४२ मिति २०८२।०६।२४ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | आ.व. ०८०।०८१ मा ढलापडा कटान तर्फको ब्लाक नं. १,२,३,५ र ६ साथै पुनरुत्पादन कटान तर्फको ब्लाक नं. १, २, ५,६,७,८,९,१०,११,१२ को काठ, दाउरा | साल | A | ३३ | ६१८.७१ | १२५० | ७७३३८८ | ४२७२५४ | |
| | | साल | B | ६३ | ७२७.९७ | ९०० | ६५५१७३ | | |
| | | साल | C | १२७ | ७६६.११ | ६०० | ४५९६६६ | | |
| | | साल | D | २२ | ४५.३२ | ३०० | १३५९६ | | |
| | | असना | B | ४ | ४०.४२ | ३०० | १२१२६ | | |
| | | असना | C | १७ | ९२.२६ | १०० | ९२२६ | | |
| | | जामुन | C | ५ | ३१.१४ | १०० | ३११४ | | |
| | | मौवा | N | ३ | १८.५९ | १०० | १८५९ | | |
| | | कटुस | N | २ | ८.६६ | २०० | १७३२ | | |
| | | काउलो | N | २ | ११.३२ | १०० | ११३२ | | |
| | | साल दाउरा | | | ३.५ | १२००० | ४२००० | ७६९५१ | |
| | | अन्य दाउरा | | | १ | ४००० | ४००० | | |
| जम्मा | | | | | | | १९७७०१२ | ५०४२०५ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०७/१७ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०७/१८ गते दिउसो ३.०० वजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट प्रति टेण्डर फाराम वापतको रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# तिनपोखरी सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि, ठाडा शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००१९६९००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नु पर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०७।२० गते दिउँसो १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी तिनपोखरी सा.व.उ.स.को काठ दाउरा लिलाम सम्वन्धि शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित निति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल असोज महिनाको २८ गते रोज ०३ मा शुभम् ........................।